


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

एउटै उद्देश्य, एउटै नारा
भ्रष्टाचारबाट छुटकारा,
हामी सबैको अभिभारा ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ११० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २० गते सोमबार ❑ 3 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सूचना प्रविधिको प्रयोग गरी सरकारी सेवालाई पेपरलेस र फेसलेस बनाउनुपर्छ : प्रम ओली

रासस
काठमाडौं, १९ वैशाख

प्रधानमन्त्री केपी शर्मा ओलीले सूचना प्रविधिको उच्चतम उपयोग तथा सदुपयोग गरी सरकारी सेवालाई पेपरलेस र फेसलेस बनाउने बताएका छन्।

चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०७८ का अवसरमा आज सूचना तथा सञ्चार मन्त्रालयले आयोजना गरेको कार्यक्रममा बालुवाटारबाट भर्चुअल रूपमा उद्घाटन गर्दै बताए, "आम नागरिकलाई कम समय र कम लागतमा विना झन्झट र विना हैरानी सहज, सरल र सुलभ रूपमा सेवा प्रदान गर्न सहज हुनेछ, जो जहाँ रहे पनि फेस टू फेस सम्पर्क, सरसल्लाह, छलफल, परामर्श गर्ने अवसर प्राप्त भएको छ।"

प्रधानमन्त्री ओलीले पूर्वपश्चिम र उत्तरदक्षिण एवं जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग, निर्माण र विस्तारको कार्य द्रुततर रूपमा अगाडि बढाइएको जानकारी गराए। उनले भने, "सबै स्थानीय तह, वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य केन्द्रसम्म सूचना प्रविधि पूर्वाधारको पहुँच सुनिश्चित गर्ने, उपरोक्त स्थानमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुर्‍याउने र प्रत्येक स्थानीय तहमा सूचना प्रविधि केन्द्र स्थापना र सञ्चालन गर्ने गरी कार्य अगाडि बढाइएको छ।" सूचना तथा सञ्चार प्रविधिमा भएको तीव्र विकासले गर्दा समग्र विश्व नै एक गाउँमा रुपान्तरण भएको उल्लेख गर्दै प्रधानमन्त्रीले ओलीले आर्थिक सामाजिक रुपान्तरण एवं दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहँदै आएको बताए। विश्वव्यापी रूपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले राज्य व्यवस्थाको सञ्चालन, विकासको व्यवस्थापन, सार्वजनिक सेवा, सूचना प्रवाह एवं सामाजिक अन्तरक्रियालगायतका विषयमा आधारभूत परिवर्तन आएको उहाँको भनाइ थियो।

"डिजिटल पूर्वाधार तथा प्रविधिको विकास एवं विस्तार गरी अर्थतन्त्रमा सञ्चार तथा सूचना प्रविधिको योगदान बढाउने र सुशासन, समृद्धि र विकासका लागि नेपाल सरकारले रुपान्तरणकारी आयोजनाका रूपमा डिजिटल नेपाल फ्रेमवर्क, २०७६ कार्यान्वयनमा ल्याएको छ", प्रधानमन्त्री ओलीले भने, "डिजिटल नेपाल फ्रेमवर्कअन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा, पर्यटन, सहरी पूर्वाधार, वित्त, डिजिटल फाउन्डेशनलगायत आठ क्षेत्र र असी वटा डिजिटल पहलहरू समेटिएका छन् ।"

'समृद्ध नेपालको आधार सूचना तथा सञ्चार प्रविधिको विस्तार' भन्ने मूल नाराका साथ मनाउन लागिएको चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०७८ का अवसरमा प्रधानमन्त्री ओलीले देश तथा विदेशमा रहनुभएका समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामनासमेत व्यक्त गरेका थिए।

प्रधानमन्त्री ओलीले सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोग, निरन्तर विकास, विस्तार एवं गतिशीलताबाट प्राप्त अवसरको उच्चतम सदुपयोग गर्दै 'समृद्ध नेपाल सुखी नेपाली'को दीर्घकालीन लक्ष्य पूरा गर्न सहयोग पुर्‍याउन आग्रह गरे। साथै उनले सूचना तथा सञ्चार प्रविधिक्षेत्रसँग सम्बद्ध सबै सङ्घ, संस्था, निकाय, निजी क्षेत्र, सेवा प्रदायक तथा सबै सरोकारवालालाई समन्वय, सहकार्य र साझेदारीका लागि अनुरोध गरे । "इन्टरनेटलाई अत्यावश्यक सेवामा समावेश गरिएको छ, नीतिगत तथा कानूनी सुधारमार्फत सूचना प्रविधि क्षेत्रमा थप लगानीको वातावरण निर्माण गरिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "साइबर अपराध नियन्त्रण तथा साइबर सुरक्षा र सरकारी डाटाको सुरक्षामा विशेष ध्यान केन्द्रित गरिएको छ।"

सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई बढी विश्वसनीय, सुरक्षित र पहुँचयोग्य बनाउन सरकारले नियमनकारी व्यवस्थालाई प्रभावकारी तुल्याउँदै लगेको र सूचना प्रविधिसम्बन्धी विधेयक सरकारले सङ्घीय संसद्मा पेश गरिसकेको समेत प्रम ओलीले जानकारी दिए। दिवसका अवसरमा सरकारी सेवालाई बढी प्रविधिमैत्री बनाउन केही महत्वपूर्ण घोषणासमेत भएको छ। यस अगाडि नागरिक एपको बेटा भर्सन रिलिज गरिएकामा आजदेखि यसलाई औपचारिक रुपमै सार्वजनिक गरिएको छ। प्रधानमन्त्री ओलीले विश्वव्यापी कोभिड–१९ को महामारीका कारणले अवरुद्ध विद्यालयको पठनपाठनलाई वैकल्पिक माध्यमबाट सुचारु गर्न आवश्यक पर्ने सूचना प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा विद्यार्थीलाई आवश्यक सीमको व्यवस्था मिलाइएको जानकारी दिए । कोभिड–१९ महामारीको कठिन समयमा सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट जीवनरक्षाका लागि सुरक्षित रहन, सतर्कता अपनाउन, सचेतना जगाउने कार्यमा महत्वपूर्ण सफलता प्राप्त भएकाले वर्तमान कठिन परिस्थितिमा सञ्चार तथा सूचना प्रविधिको महत्व र आवश्यकता झन् बढेको तथ्य उनले प्रस्ट पारे।

## वैशाख २७ गते प्रमले विश्वासको मत लिने

पोखरापत्र संवाददाता
पोखरा, १९ वैशाख

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको विश्वासको मत लिने प्रयोजनका लागि यही वैशाख २७ गते प्रतिनिधिसभाको अधिवेशन आह्वान गरेकी छन्।

राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा १०० को उपधारा१ बमोजिम 'प्रधानमन्त्रीले आफूमाथि विश्वासको मत छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक ठान्नुभएकाले सोही प्रयोजनका लागि' सो दिन अपराह्न १ बजे अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवराज घिमिरेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## लुम्बिनीका मुख्यमन्त्रीमा पोखरेल पुनः नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, १९ वैशाख

लुम्बिनीप्रदेशका मुख्यमन्त्रीमा शङ्कर पोखरेल पुनः नियुक्त भएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले), लुम्बिनी प्रदेश संसदीय दलका नेता पोखरेललाई नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख धर्मनाथ यादवले प्रदेश मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्।

यसअघि एमाले लुम्बिनी प्रदेश संसदीय दलका नेता पोखरेलले आफ्नो नेतृत्वमा नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम सरकार गठन गर्न प्रदेशसभामा बहुमत सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुख यादवसमक्ष दावी पेश गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चिरञ्जीवी पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ।

## लुम्बिनी प्रदेश प्रमुखको कार्यालय परिसरमा धर्ना

रासस
काठमाडौं, १९ वैशाख

लुम्बिनी प्रदेशका मुख्यमन्त्रीमा शङ्कर पोखरेलको नियुक्तिपछि विपक्षी गठबन्धनका प्रदेशसभा सदस्य आइतबार प्रदेश प्रमुखको कार्यालय परिसरमा धर्ना बसेका छन्।

उनीहरुले प्रदेश प्रमुखले विधि र पद्धतिको उल्लङ्घन गर्दै असंवैधानिक कदम चालेको आरोप लगाएका छन्। विपक्षी नेपाली काङ्ग्रेस संसदीय दलका प्रमुख सचेतक फकरुद्दिन खाँनले प्रदेश उपसभामुखसमेतको कीर्ते हस्ताक्षर भएको र बहुमत सदस्य आफूका पक्षमा रहेको जिकिर गरे । कुल ८१ प्रदेशसभा सदस्यमध्ये विपक्षी गठबन्धनमा ४२ प्रदेशसभा सदस्य रहेको जिकिर गरिएको छ छ। विपक्षी गठबन्धनमा नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी छन्। 'हामी बहुमत सदस्यसहित आउँदैछौं भनेर जानकारी गराउँदै गराउँदै पनि प्रदेश प्रमुखले असंवैधानिक कदम चाल्नुभयो', खाँनले भने । यता मुख्यमन्त्री पोखरेलका पक्षमा लागेका कपिलवस्तु क्षेत्र नं १ (क) बाट प्रदेशसभा सदस्य निवाचित दीर्घनारायण पाण्डे, कपिलवस्तु क्षेत्र नं २ (ख)बाट निर्वाचित धर्मबहादुरलाल श्रीवास्तव र नवलपरासी(बर्दघाट सुस्तापश्चिम) का अजयबहादुर शाहीले राजीनामा गर्दै विपक्षी गठबन्धनका प्रस्तावित मुख्यमन्त्री कुलप्रसाद केसीलाई समर्थन गरेका छन्। उता दाङको २ (ख)बाट निर्वाचित विमला खत्रीले आइतबार पत्रकार सम्मेलन गर्दै आफू आफ्नो स्वविवेकमा माओवादी केन्द्रमा लागेको बताइन।

## सात हजार बढी नयाँ संक्रमित थपिए, २७ जनाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १९ वैशाख

देशभर गरिएको परीक्षणबाट हालसम्मकै उच्च सात हजारभन्दा बढी कोभिड–१९ सङ्क्रमित् फेला परेका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज गरेको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा जागेश्वर गौतमले सात हजार २११ मा सङ्क्रमण पुष्टि भएको जानकारी दिए।

उनका अनुसार १६ हजार १४७ पिसिआरमा सात हजार १३७ र ६२३ एन्टिजेन परीक्षणमा ७४ मा सङ्क्रमण देखिएको हो। योसँगै नेपालमा तीन लाख ३६ हजार ३० जना सङ्क्रमित भएका छन्। आइतबार देखिएका सङ्क्रमितमध्ये सबभन्दा बढी ३० देखि ३९ वर्ष उमेर समूहका एक हजार ८०९ र २० देखि २९ वर्ष उमेर समूहका एक हजार ७६७ रहेका छन्। त्यस्तै ९ वर्ष उमेर समूहका बालबालिका १६६, १० देखि १९ वर्ष उमेर समूहका ४५७ रहेका छन्।

सङ्क्रमित निको भई एक हजार ६१२ जना घर फर्किएका छन्। अहिलेसम्म दुई लाख ८३ हजार ९९४ जना निको भएर घर फर्किएका छन्। नेपालमा निको हुने दर ८४.५ प्रतिशत रहेको छ।

संक्रमणबाट आइतबार २७ जनाको निधन भएको छ। नेपालमा अहिलेसम्म तीन हजार ३२५ जना सङ्क्रमणबाट निधन भएका छन्। प्रवक्ता डा गौतमका अनुसार आज उपत्यकामा तीन हजार ५९५ सङ्क्रमित थपिएका छन् । काठमाडौंमा दुई हजार ७४४, ललितपुरमा ५५० र भक्तपुरमा ३०१ सङ्क्रमित भएका छन्। पाँच सयभन्दा बढी सङ्क्रमण भएका जिल्ला १२ पुगेका छन्। प्रवक्ताका अनुसार मोरङ, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, कास्की, दाङ, बाँके, रुपन्देही, सुर्खेत र कैलाली छन् । यसैगरी सङ्क्रमितमध्ये ४७७ सघन उपचार कक्ष (आइसियु) र १३१ भेन्टिलेटरमा उपचार गराइरहेका छन्। प्रदेश नं १ मा ५४, प्रदेश नं २ मा २४, वाग्मती प्रदेशमा २५४, गण्डकी पाँच, लुम्बिनी ७७, कर्णाली ३३ र सुदूरपश्चिम ३० आइसियमा रहेका छन्। यस्तै प्रदेश नं १ मा १४, प्रदेश नं २ मा २, वाग्मती प्रदेशमा ७७, गण्डकी एक, लुम्बिनी २१, कर्णाली सात र सूदुरपश्चिम ९ भेन्टिलेटर रहेका छन्।

## लुम्बिनी प्रदेशको घटना अलोकतान्त्रिक : सभापति देउवा

पोखरापत्र संवाददाता
पोखरा, १९ वैशाख

प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले लुम्बिनी प्रदेशमा आइतबार भएको समग्र घटनाक्रमलाई गम्भीरतापूर्वक लिएको जनाउनुभएको छ । साथै उनले सो घटनाले संविधानको उल्लङ्घन भएको आरोपसमेत लगाएका छन्।

सभापति देउवाले सोमबार विज्ञप्तिमार्फत नेकपा (एमाले)ले प्रदेश सभामा प्रष्ट बहुमत गुमाएको तथ्य बुझेर नै अविश्वास प्रस्ताव छलेको जिकीर गर्दै पुनःमुख्यमन्त्री नियुक्ति गरिनु राजनैतिक, नैतिक र संवैधानिक कुनै पनि कोणबाट तर्कसङ्गत नभएको आरोप लगाएका हुन्। नेपालको संविधानबमोजिम संसद्मा अविश्वास प्रस्तावको प्रक्रिया अघिबढेको अवस्थामा त्यसलाई निष्कर्षमा नपुर्‍याई राजीनामा गर्नु र प्रदेश अधिवेशन अन्त्य गर्नु संविधान एवं संसदीय मूल्य-मान्यता, विधि र पद्धतिको ठाडो उल्लङ्घन भएको सभापति देउवाको आरोप छ।

## वालिङमा 'जनस्वास्थ्य विपद्' घोषणा

पोखरापत्र संवाददाता
वालिङ, १९ वैशाख

स्याङजाको वालिङ नगरपालिकाले एक साताका लागि 'जनस्वास्थ्य विपद् अवस्था' घोषणा गरेको छ। नयाँ भेरियन्ट कोभिड -१९ को सङ्क्रमण समुदायस्तरमा देखिँदै गएकाले रोकथाम तथा नियन्त्रणका लागि सो घोषणा गरिएको हो।

वालिङभित्र सङ्क्रमणको दर बढ्दै गएकाले कोभिड–१९ जोखिम व्यवस्थापन केन्द्रको बैठकले नगरभित्र अत्यावश्यकबाहेक सम्पूर्ण सेवा एक साताका लागि बन्द गर्ने निर्णय गरेको नगर प्रवक्ता केदार काफ्लेले बताउनुभयो। गए राति १२ बजेदेखि लागू हुने गरी यही वैशाख २५ गते राति १२ बजेसम्मका लागि सो घोषणा गरिएको हो।

वालिङस्थित गह्रौं प्राथमिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जसपाका पदमुक्त सांसदका रिट दर्ता गर्न अस्वीकार

रासस
काठमाडौं, १९ वैशाख

सर्वोच्च अदालत प्रशासनले जनता समाजवादी पार्टी (जसपा)को लुम्बिनी प्रदेशसभाका चारजना सदस्य (सांसद)को रिट निवेदन दर्ता गर्न अस्वीकार गरेको छ।

प्रदेशसभा सदस्यबाट पदमुक्त गरिएको निर्णयविरुद्ध आइतबार सर्वोच्च अदालतमा पुनुभएका सन्तोषकुमार पाण्डे, विजयकुमार यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डे लम्सालको रिट निवेदन दर्ता गर्न अस्वीकार गरिएको हो।

सर्वोच्च अदालतका सहरजिष्ट्रार बाबुराम दाहालका अनुसार कोरोना भाइरस सङ्क्रमणको महामारीका कारण बन्दीप्रत्यक्षीकरण र कोरोना सङ्क्रमणसँग सम्बन्धित बाहेक अन्य विषयका निवेदन दर्ता नहुने निर्णय भएको हुनाले दर्ता गर्न अस्वीकार गरिएको हो । जसपा प्रदेश संसदीय दलको सिफारिसनुसार प्रदेशसभा सचिवालयले प्रदेशसभा सदस्यबाट पदमुक्त गरेको हुँदा उक्त निर्णय निर्णय बदर गरी आफूहरुलाई यथावतरूपमा कामकारवाही गर्नका लागि परमादेशको ओदशको माग रिट निवेदनमा थियो।



# अत्यावश्यक सेवाबाहेक अन्य कार्यालय एक चौथाइ कर्मचारीद्वारा चलाइने

**रासस**
**काठमाडौं, १९ बैशाख**

कोरोना रोकथाम तथा नियन्त्रण केन्द्रीय व्यवस्थापन तथा समन्वय केन्द्र (सिसिएमसी) ले अत्यावश्यक सेवाबाहेक अन्य कार्यालय एक चौथाइ कर्मचारीद्वारा सञ्चालन गराउने निर्णय गरेको छ। केन्द्रको शनिबार सम्पन्न बैठकका निर्णयमा निषेधाज्ञा जारी भएका काठमाडौँ उपत्यका र ठूला शहरमा बैंक तथा वित्तीय संस्थाका एक चौथाइ शाखामा एक चौथाइ कर्मचारी राखी सञ्चालन गराउने भनिएको छ। उक्त कार्यका लागि नेपाल राष्ट्र बैंकले सहजीकरण गर्नेछ।

काठमाडौँ उपत्यकाका हकमा सूचना तथा प्रसारण विभागबाट र अन्य जिल्लाका हकमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको प्रेस पास मान्य हुने, व्यवसाय र उद्योगमा कर्मचारी एवं श्रमिकलाई उद्योगभित्रै बास तथा खानाको व्यवस्था गरी उद्योग व्यवसाय सञ्चालन गर्ने, कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक सामग्री (मास्क, स्यानिटाइजर, साबुन, पञ्जा, अक्सिजन आदि) उत्पादन गर्ने उद्योग, कलकारखाना स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्ने, सार्वजनिक निर्माणमा संलग्न श्रमिकलाई कार्यस्थलमै बास र खानाको व्यवस्था गरी सार्वजनिक निर्माण गरिराख्ने निर्णय पनि गरिएको छ। आइतबार सार्वजनिक ती निर्णयमा आयोजनाका निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनका चालक र सहयोगीलाई उद्गम र गन्तव्य प्रष्ट उल्लेख भएको आयोजनाले जारी गरेको परिचयपत्रका आधारमा सवारी साधन सञ्चालन गर्नेलगायत रहेको उपप्रधानमन्त्री एवं केन्द्रका संयोजक ईश्वर पोखरेलको सचिवालययले जनाएको छ।

काठमाडौ उपत्यकाका हकमा पर्यटन र अध्यागमन विभाग, नेपाल पर्यटन बोर्ड तथा नेपाल प्रहरीले संयुक्त रूपमा होटेल क्वारेन्टिनमा बस्नेहरूको नियमित अनुगमन गर्ने, अन्य जिल्लाका हकमा प्रदेश र स्थानीय तहले सम्बन्धित निकाय सम्मिलित संयन्त्र निर्माण गरी अनुगमन गर्ने, होम क्वारेन्टिनमा बसेकाहरूका सम्बन्धमा स्थानीय तहले अनुगमन गर्ने, होटेल क्वारेन्टिनको नियम पालना नगर्ने विदेशी नागरिकलाई जरिवानासहित तत्काल तिनका देश पठाइने प्रक्रिया अघि बढाउने भनिएको छ।

होटल क्वारेन्टिनको नियम पालना नगर्ने नेपालीलाई कानूनबमोजिम जरिवाना गर्ने तथा होटेल क्वारेन्टिनको व्यवस्थापनमा लापरवाही गर्ने सम्बन्धित होटेल सञ्चालकलाई प्रचलित कानूनबमोजिम कारबाही गर्ने उल्लेख छ। यसैगरी आमसञ्चारमाध्यमलाई कोभिडविरुद्धका जनचेतनामूलक सन्देश प्रसारण/प्रकाशन गर्न अनुरोध गर्ने तथा सम्बन्धित स्थानीय तहले टोलटोलमा कोभिडविरुद्धको जनचेतनाका लागि नियमित माइकिङ गर्ने निर्णयमा उल्लेख छ।

# भरतपोखरीमा पानी माग्दै सामूहिक पूजा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

लामो समयको खडेरीका कारण खेतीबाली सुक्न थालेपछि पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीका विभिन्न स्थानमा शनिबार समूहिक पूजा गरिएको छ।

स्थानीय सिलिङ्गे चेतना महिला समूहको प्रमुख सङ्कल्पमा यहाँका साविक भरतपोखरी गा.वि.स.का वडा नं ५ र ६ मा पर्ने चण्डी देउराली, कोटभैरव, नाउरुङ, व्यार्थोक र मैदानमा छुट्टाछुट्टै पूजा गरी पानी मागिएको समूहकी सचिव सीता केसी महतले जानकारी दिइन। परापूर्व कालदेखि लामो समय खडेरी परेमा यहाँका यी शक्तिपीठहरूमा सामूहिक पूजाआजा, भजनकीर्तन सहित पानी माग्ने प्रचलन रहेको उनले जानकारी दिइन।

पूजाआजा सहित पानी मागेका अवस्थामा न्युनत एक हप्ता भित्रमा



पानी पर्ने गरेको जनविश्वास कायमै रहेको छ।

सामूहिक पूजाकै अवसर पारी स्थानीय विष्णु पौडेलले आफ्नी छोरी स्व. आरती पौडेलको स्मृतिमा चण्डी देउराली मन्दिरमा घण्टी प्रदान गर्नुभएको समूहकी अध्यक्ष कर्णकुमारी महतले जानकारी दिए। लामो समयदेखि पानी नपरेका कारण खेतबारी लगाइएको मकै लगायत अन्य तरकारी बाली सुक्न थालेपछि कृषकहरू समस्यामा परेका छन्।

खडेरीकै कारण वरपरका प्राकृतिक जलाशयमा समेत पानी सुक्दै जाँदा दैनिकी सञ्चालनमा समेत समस्या परेको स्थानीयको दुःखेसो छ।

यहाँका कोटभैरव, चण्डी देउराली लगायतका शक्तिपीठको अस्तित्व नेपालका वाइसे चौवीसे राजाका पालादेखि नै भएको मानिने भएकोले सामाहिक पूजाआजा सहित पानी माग्ने प्रचलन पनि त्यही समयदेखि नै भएको हुनसक्ने बुढापाका बताउँछन्।

# स्थानीय तहलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनुपर्नेमा जोड

**रासस**
**काठमाडौं, १९ बैशाख**

'डिजिटल नेपाल' को आकाङ्क्षा पूरा गर्नका लागि स्थानीयवासीलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिइएको छ।

'चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस-२०७८' का अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा यहाँ आज आयोजित कार्यक्रमलाई भर्चुअल माध्यमबाट शुभकामना व्यक्त गर्दै वक्ताहरूले स्थानीय तहका प्रत्येक कार्यालयलाई आइसिटीमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको हो। राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाहीले आइसिटी क्षेत्र मुलुकको आर्थिक विकासलागयत सबै क्षेत्रको विकासमा जोडिएको जनाउँदै आइसिटी क्षेत्रको विकास गर्नुपर्ने बताउनुभयो।

सरकारमा मुख्य सचिव शङ्करदास वैरागीले डिजिटल नेपालको उद्देश्य पूरा गर्न सबैभन्दा पहिला सरकारी कामकाजलाई नै व्यावहारिक रुपमै डिजिटलमैत्री बनाउने कार्य भइरहेको बताउनुभयो। नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्दै दूरसञ्चार सेवालाई सबै जनताको पहुँचमा पुऱ्याउने गरी प्राधिकरण तीव्र रूपमा काम गरिरहेको जानकारी दिनुभयो।

दिवसका अवसरमा मन्त्रालयले आइसिटी क्षेत्रमा योगदान पुऱ्याउने चार सङ्घसंस्था र व्यक्तिलाई आज आइसिटी अवार्ड प्रदान गरेको छ। मन्त्रालयले सुदीप पराजुली, कुसुम लामा, हुवाय कम्पनी र सार्वजनिक महालेखा नियन्त्रण कार्यालयलाई सो अवार्ड प्रदान गरेको हो।

# वालिङमा ...

अस्पतालको ऱ्यापिड रेस्पोन्स टिमले कम्तीमा पनि दुई साताका लागि बन्दाबन्दी गर्न सिफारिस गरेअनुसार नगरस्तरीय जोखिम व्यवस्थापन केन्द्रले एक साताका लागि 'जनस्वास्थ्य विपद् अवस्था' घोषणा गरी पूर्ण बन्दाबन्दीका लागि जिल्ला जोखिम व्यवस्थापन केन्द्रमा सिफारिस गर्ने निर्णय गरेको प्रवक्ता काफ्लेले बताए। प्रवक्ता काफ्लेका अनुसार जनस्वास्थ्य सेवा ऐन २०७५ दफा ४८ को उपदफा ४ एवं जनस्वास्थ्य नियमावली २०७७ को नियम २७ को उपनियम ४ ले दिएको अधिकार प्रयोग गरी वालिङ नगरपालिकाको सिमानाभित्र सो अवस्था घोषणा गरिएको हो।

# नेपाल सुपर लिग : ललितपुर र पोखराबीचको खेल गोलरहित बराबरी

**रासस**
**काठमाडौं, १९ बैशाख**

नेपाल सुपर लिग (एनएसएल) अन्तर्गत आज भएको खेलमा ललितपुर सिटी एफसी र पोखरा थन्डर्सबीचको खेल गोलरहित बराबरीमा सकिएको छ। खेल बराबरीमा सकिएपछि दुवै टोलीले एक एक अङ्क बाँडेका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा दुवै टोलीबाट गोल हुन सकेन। मध्यान्तर अघिको खेलमा पोखराले आक्रामक खेल खेलेको थियो। मध्यान्तरपछिको खेलमा ललितपुर पोखरामाथि हावी भएको थियो। दुवै टोली गोल गर्नबाट भने चुके। खेलको आठौँ मिनेटमा पोखराका कप्तान नवयुग श्रेष्ठले गोल गर्ने प्रयास गर्नुभएको थियो। उहाँको प्रहार गोलपोस्ट नजिकैबाट बाहिरिन पुग्यो।

यस्तै खेलको १४औँ मिनेटमा पोखराका मौसा अब्बाले गरेको प्रहार ललितपुरका गोलकिपर अर्पण कार्कीले रोक्नुभयो। खेलको २० औँ मिनेटमा पोखराका नवयुग श्रेष्ठले अर्को गोल गर्ने अवसर गुमाउनुभयो। खेलको ३९औँ मिनेटमा पोखराका नितिन थापाको प्रहार गोलकिपर कार्कीले विफल पार्नुभएको थियो भने ४२औँ मिनेटमा पोखराका मोउसाले गरेको प्रहार गोलपोष्टबाट बाहिरिएको थियो।

मध्यान्तरपछिको खेलमा पनि दुवै टोलीले गोलको प्रयास गरेका थिए। खेलको ५१औँ मिनेटमा ललितपुरका अञ्जन विष्टको गोल गर्ने प्रयासलाई विपक्षी खेलाडीले विफल पार्नुभयो। यसैगरी खेलको ८१औँ मिनेटमा पोखराका मोउसाले गर्नुभएको गोलको प्रयास असफल भयो। खेलको ८६औँ मिनेटमा ललितपुरका कप्तान अञ्जन विष्टले डिबक्स भित्रबाट गोलको प्रयास गर्नुभयो। उक्त बल गोलमा भने परिणत हुन सकेन। बराबरी खेलेपछि पोखराको चार खेलमा पाँच अङ्क भएको छ। पोखरा लिगको तेस्रो स्थानमा छ।

यस्तै ललितपुर चार खेलमा तीन अङ्क जोडेर छैटौं स्थानमा छ। लिगमा हालसम्मको खेलको परिणामअनुसार धनगढी एफसी चार खेलमा सात अङ्कका साथ शीर्ष स्थानमा छ। बुटवल छ अङ्कका साथ दोस्रो, विराटनगर पाँच अङ्कसहित तेस्रो, काठमाडौँ रेजर्स चार अङ्कसहित पाँचौं तथा चितवन दुई अङ्कका साथ लिगको पुछारमा छ।

# कुल बजेटको २० प्रतिशत शिक्षामा छुट्याउन सुझाव

**रासस**
**काठमाडौं, १९ बैशाख**

नेपाली कांग्रेसको केन्द्रीय शिक्षा विभागले संविधानको शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयन गर्न कुल बजेटको कम्तीमा पनि २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा छुट्ट्याउन सरकारसँग आग्रह गरेको छ।

नेपालको संविधानले ' प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ, साथै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशःनिःशुल्क बनाउँदै लैजाने' भन्ने व्यवस्था गरेको छ।

विद्यालय तहमा कार्यरत बालकक्षा शिक्षक तथा विद्यालय कर्मचारीले न्यूनतम पारिश्रमिकमा गुजारा गर्नु परेकोमा कानूनबमोजिम उचित पारिश्रमिकको व्यवस्था गर्न समेत सुझाव दिएको विभागका सचिव डा कृष्णप्रसाद पौडेलले जानकारी दिए। विद्यालय तहमा रहेका राहत दरबन्दी, साविक उच्च मावि (अनुदान), अस्थायीलगायत शिक्षकलाई वैज्ञानिक प्रकृया अपनाई एकै प्रकारको शिक्षक दरबन्दी सृजना गर्न शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराइएको छ।

त्रिभुवन विश्वविद्यालयका आंशिक शिक्षकको समस्या समाधान गर्न कांग्रेस नेतृत्वको तत्कालीन सरकारले विगतमा स्वीकृत गरेको एक हजार ४२० दरबन्दी कार्यान्वयनमा लगेर आंशिक प्राध्यापकको समस्या पूरा गर्न पनि विभागले माग गरेको छ। विभागले आइतबार विज्ञप्तिमार्फत सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक साथै उच्च शिक्षामा अध्यापन गराउने सम्पूर्ण प्राध्यापकलाई यथाशीघ्र कोभिड-१९ विरुद्धको खोपको व्यवस्था गर्न सरकारसमक्ष माग गरेको छ।

विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्टको असर धमाधम देखिइरहेको सन्दर्भमा सम्पूर्ण अभिभावक, विद्यार्थी र शिक्षक वर्गमा स्वास्थ्यको न्युनतम् मापदण्ड अपनाउँदै भर्चुअल माध्ययमबाट शिक्षण सिकाइलाई निरन्तरता दिनुहुनसमेत विभागले अनुरोध गरेको छ।

# शान्ति समाजको ध्यानाकर्षण

**रासस**
**काठमाडौं, १९ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको 'सर्वसाधारणमा अपिल' विषयको विज्ञप्तिप्रति मानव अधिकार तथा शान्ति समाजको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

अपिलमा सरकारले 'स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी सङ्क्रमण बढेकोले अस्पतालमा राखेर हेरचाह गर्न एवं अस्पतालमा शथ्या उपलब्ध गराउन नसकिने भइसकेको छ' भन्ने अभिव्यक्तिप्रति समाजले आफ्नो ध्यानाकर्षण भएको सभापति गोविन्द खनालले शनिबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

कोभिड सङ्क्रमणको सामना गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आदानप्रदान गर्न जरुरी रहेको समाजको ठहर छ। सङ्कटमा सरकार लगायत कसैले पनि संयम गुमाउन नहुने विज्ञप्तिमार्फत् आह्वान गरिएको छ। यो सङ्कटबाट मुक्तिका लागि राष्ट्रिय सहमति कायम गर्दै सम्पूर्ण साधन, स्रोत परिचालन र सामर्थ्यको प्रदर्शन गर्न सरकारलगायत सम्वद्ध सबैलाई शान्ति समाजले आग्रह गरेको छ। क्षमताले भ्याएसम्म शान्ति समाज सदैव सरकारको सहयोगीको रूपमा प्रस्तुत हुने प्रतिवद्धता पनि विज्ञप्तिमार्फत् व्यक्त गरिएको छ। साथै अराजकता र अव्यवस्थालाई बढावा दिने काम कसैले पनि गर्न नहुनेतर्फ समाजले पुनः सरोकार भएका सबैको ध्यानाकर्षण गराएको छ।

# पोखरा-२१ कोभिडः सहयोग समिति संयोजकमा गिरी

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

पोखरा महानगरपालिका-२१ मा वडास्तरीय सहयोग उपसमिति गठन भएको छ।

कोभिडको वेला सहयोग संकलन गर्ने उदेश्यले आइतबार बसेको सर्वदलीय बैठकले संयोजक अर्जुन गिरीको सयोजकत्वमा ५ सदस्यीय उपसमिति गठन गरेको हो। उपसमितिको सदस्यमा कृष्ण बहादुर थापा, केवल गिरी, खेमबहादुर ठकुरी र सीता देवी विक चयन भएका छन्। गठित उपसमितिले स्वास्थ्य महामारीका लागि आर्थिक तथा जिन्सी सहयोग संकलन तथा सहयोग गर्ने वडा नम्बर २१का वडाध्यक्ष खगराज आचार्यले जानकारी दिए। गठन भएकै दिन वडा अध्यक्ष खगराजले नगद १० हजार संयोजक गिरीलाई हस्तान्तरण गरे। समिति संयोजक गिरीले स्थानीय स्तरदेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरबाट सहयोग संकलन गरिने जानकारी दिए। उनले वडा नम्बर २१ मा कोभिड १९ रोकथाम र उपचारका लागि सबैभन्दा प्रभावकारी काम गर्नुपर्ने चुनौती आफूहरु सामु रहेको पनि बताए।

# गोरखाका संक्रमितको चितवनमा मृत्यु

**रासस**
**काठमाडौं, १९ बैशाख**

गोरखाका कोरोना सङ्क्रमितको चितवनमा मृत्यु भएको छ। मृत्यु हुनेमा पालुङटार नगरपालिका-६ का ७८ वर्षीय वृद्ध रहेका छन्।

उनीको आइतबार राति १२:४५ बजे भरतपुर अस्पतालमा मृत्यु भएको हो। निमोनिया र मधुमेहको समस्या भई यही वैशाख १७ गते सो अस्पतालमा भर्ना भएका उनीमा १८ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो।

कोरोना पुष्टि भएसँगै अस्पतालको कोभिड सघन उपचार कक्षमा उपचारका क्रममा उनीको मृत्यु भएको अस्पतालले जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# उपकरण अभावमा खेर जाँदै धवलागिरि अस्पतालको अक्सिजन

**पोखरापत्र संवाददाता**
**गलकोट, १९ बैशाख (रासस)**

कोरोनाको दोस्रो लहरले नेपालमा कोरोना सङ्क्रमणको दर ह्वात्तै बढाएपछि अक्सिजन अभाव खड्किएको समाचार आइरहेका सन्दर्भमा बागलुङको अक्सिजन प्लान्टमा उत्पादित अक्सिजन भने उपकरण अभावमा खेर गइरहेको पाइएको छ।

धवलागिरि अस्पताल बागलुङमा गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले अक्सिजन प्लान्ट स्थापना गरेको छ। प्लान्टमा उत्पादित अक्सिजन सोझै अस्पतालमा रहेका बिरामीको शयूयामा पाइपलाइनबाट पुग्ने भए पनि अक्सिजन सिलिण्डरमा भर्न मिल्दैन।

पाइपलाइनबाट खपत भएर रहेको अक्सिजन सिलिण्डरमा भर्न सकेका खण्डमा कोरोना महामारीमा अक्सिजनको अभाव टार्न मद्दत पुग्ने भए पनि अक्सिजनको 'फिलिङ सिस्टम' नहुँदा अस्पतालको अक्सिजन प्लान्टमा उत्पादित आधाजस्तो अक्सिजन खेर गइरहेको छ। कोरोना बढ्दै जाँदा गाउँगाउँका स्वास्थ्यचौकीमा समेत अक्सिजन चाहिने निश्चित छ। अक्सिजन प्लान्ट नभएका अस्पतालमा सिलिण्डरमा अक्सिजन चाहिने भएको र अहिले मुलुकभर अक्सिजनको समस्या भन्दै समयमै आपूर्ति नभएको सन्दर्भमा धवलागिरि अस्पतालको अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन सिलिण्डरमा भर्न सके धेरैको जीवनरक्षाका लागि सहज हुने धवलागिरि अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी रानामगरले बताउनुभयो।

"अस्पतालमा विसं २०७६ पुसदेखि अक्सिजन प्लान्टबाटै बिरामीको शयूयामा अक्सिजन पुऱ्याइएको छ तर अक्सिजनको क्षमताअनुसार उत्पादन भएको अक्सिजन खपत भएको छैन", अध्यक्ष रानामगरले भन्नुभयो, "अहिले कोरोनाका बिरामीलाई अक्सिजन अनिवार्य देखिएपछि नेपालमा अक्सिजन अभाव भएको सुनेको छु, हाम्रोमा अक्सिजन भर्ने व्यवस्था गर्न सके अरु स्वास्थ्यचौकी तथा अस्पतालमा वितरण गर्न सकिन्थ्यो।"

पचास शयूयाको अस्पताललाई अहिले गण्डकी प्रदेश सरकारले २०० शयूयाको उपप्रादेशिक अस्पताल बनाउने निर्णयसँगै केही कामसमेत अघि बढाएको छ। अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजनले दैनिक ३० सिलिण्डर अक्सिजन भर्ने भए पनि उपकरण अभावमा अस्पतालका बिरामीलाई मात्रै भएको धवलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा शैलेन्द्र बी पोखरेलले बताउनुभयो।

"उत्पादित पूरै अक्सिजन अस्पतालले खपत गरेको छैन, अक्सिजन बिरामीको शयूयामै पुऱ्याइएको छ तर सिलिण्डरमा भर्ने व्यवस्था नहुँदा अन्यत्र पुऱ्याउन कठिन छ", डा पोखरेलले भन्नुभयो, "अस्पतालमा खपत नभएको समयको अक्सिजन सिलिण्डमा भर्न पाए कोरोना महामारीको समयमा अन्यत्रसमेत अक्सिजन दिन सकिन्थ्यो तर फिलिङ सिस्टम नभएकाले अक्सिजनको कम प्रयोग भएको समयमा अस्पतालको प्लान्टद्वारा उत्पादित अक्सिजन खेर गइरहेको छ।" अक्सिजन प्लान्ट रु ९० लाख ४० हजारको लागतमा गण्डकी प्रदेश सरकारले स्थापना गरेपछि अस्पतालमा अक्सिजन आपूर्ति गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ तर अस्पताललाई अहिले पनि केही मात्रमा सिलिण्डरकै अक्सिजन आवश्यक परिरहेको भने छ। बिरामीलाई शयूयाभन्दा बाहिर ल्याउनुपर्दा, सिफारिस गरी बाहिर पठाउनुपर्दा र हवाई उद्धार गर्दा भने आफ्नै अक्सिजन प्लान्ट भएर पनि केही मात्रामा भने अक्सिजनसहितका सिलिण्डर खरिद गर्नुपर्ने बाध्यता अस्पताललाई छ।

"अक्सिजन प्लान्ट बन्द गर्न मिल्दैन, चलाउँदा पूरै क्षमतामा चल्छ, कहिले अक्सिजन लगाउनुपर्ने बिरामी धेरै हुन्छन् त कहिले थोरै हुन्छन्, थोरै बिरामी हुँदा बचेको अक्सिजन सिलिण्डरमा भर्न नसक्दा खेर गएको छ", डा पोखरेलले भन्नुभयो। उहाँका अनुसार आफ्नै प्लान्टको अक्सिजन भर्न नसक्दा कहिलेकाहीँसिलिण्डरकोअक्सिजन आवश्यकता हुँदा बाहिरबाट खरिद गर्नुपर्ने परिस्थिति छ। उक्त अक्सिजन प्लान्टमा भर्ने उपकरण 'फिलिङ सिस्टम' खरिदका लागि गण्डकी प्रदेशसँग माग गरिरहेको डा पोखरेलले बताउनुभयो।

अक्सिजन भर्ने उपकरणलाई रु ३० देखि ५० लाख पर्ने बुझ्नमा आएको उहाँको भनाइ छ। अस्पतालमा प्लान्ट हुनुपूर्व अस्पतालमा निजी कम्पनीले पोखरा तथा बुटवलमा उत्पादन गरेको 'अक्सिजन सिलिण्डर' प्रयोग हुँदै आएको थियो। धवलागिरि अस्पतालमा अहिले २५ शयूयाको कोरोना वार्ड रहेको छ। अस्पतालमा ११ कोराना सङ्क्रमितको उपचार भइरहेको छ।

# कोरोना महामारीबीच यार्सा संकलन शुरु

**–रमेश केसी**
**काठमाडौं, १९ बैशाख (रासस)**

कोरोना महामारीबीच यार्सा सङ्कलन गर्न लेकतिर जानेको घुइँचो लाग्न थालेको छ। साइपाल, तलकोट, सुर्मा, मष्टा, छबीस पाथीभेरा गाउँपालिका र बुङ्गल नगरपालिकाका बासिन्दाको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा तथा जडिबुटी नै रहेको छ। यार्सा सङ्कलनको याम शुरु भएसँगै अधिकांश स्थानीयवासी लेकतिर जान थालेका हुन्।

उत्तरी भेगमा खाद्यान्न कम उत्पादन हुने र आय स्रोतका अन्य माध्यम नहुँदा यार्सा र जडीबुटी सङ्कलन नै मुख्य आयस्रोतको आधार रहेको छ। यस क्षेत्रका बासिन्दा परिवारसहित यार्सा सङ्कलनका लागि घरमा ताला लगाएर वैशाखदेखि असार मसान्तसम्म लेकतिर जान्छन्। गत वर्ष जिल्ला विपद् व्यवस्थापन समितिले यार्सागुम्बा पाइने पाटनमा सङ्कलकको भीड हुने र कोरोनाको संक्रमण फैलिने खतरा भएपछि जोखिम न्यूनीकरणका लागि सङ्कलनमा रोक लगाएको थियो। स्थानीय तहले पनि यार्सा सङ्कलनमा रोक लगाएको थियो। यस वर्ष भने कुनै सूचना जारी गरिएको छैन। जिल्लामा दिन प्रतिदिन सङ्क्रमित बढ्दै गए पनि कुनै निकायको ध्यान गएको छैन। यार्सा सङ्कलन गरिने पाटनमा हिउँ पग्लिन थालेपछि सङ्कलक वन क्षेत्रमा जाने क्रम बढेको बुङ्गल -२ का आनन्द धामीले बताउनुभयो। उहाँले भन्नुभयो, "केही वर्षयता यार्सा खासै पाइँदैन। गत वर्ष कोरोना महामारीका कारण भएको बन्दाबन्दीले सङ्कलनको काम प्रभावित भयो। यार्सा सङ्कलन गर्न नपाउँदा रोजीरोटी खोसियो। यस वर्ष यार्साको उत्पादन राम्रो हुने देखिएपछि लेकतिर जानेको घुइँचो लाग्न थालेको छ।"

बुङ्गलका धौलाढुङ्गा, चुफी, कालीगाड, छरछरे, जलजला, निलखट्टी, ठाडे सुर्मा तथा साइपाल गाउँपालिकाका जलजला, डाँफेचुली, तपोवन, डाँडा, निलखट्टी, ठाडे, जर्सी, गोलढुङ्गा, माझा, फरालखेत, कालापानी, राइढुङ्गी, स्याङ्वनलगायत वन क्षेत्रमा सङ्कलक पुगिसकेका छन्।

साइपाल -४ का वसन्त बोहराले भन्नुभयो, "रोजगारी केही छैन। आयआर्जन गर्ने माध्यम नै यार्सागुम्बा र जडिबुटी हो। गत वर्ष लकडाउनका कारण वन क्षेत्र बन्द हुँदा सङ्कलन गर्न सकिएन। घर खर्च चलाउन धौधौ भयो। यार्साबाट मात्रै एक परिवारले तीन महिनाका अवधिमा रु तीन लाखदेखि सात लाख जति आम्दानी गर्छ। यार्सा तथा जडिबुटी सङ्कलन नगरे भोकमरीको चपेटामा परिन्छ।"

वैशाखदेखि असारसम्म यार्सा सङ्कलनका लागि र भदौदेखि मङ्सिरसम्म यहाँका जंगलमा अन्य जडिबुटी खोज्न मानिस लेकतिर जान्छन्। केही वर्षयता यार्सा तथा अन्य जडीबुटी सङ्कलन गर्न लेकतिर जानेहरू बढ्दै गएका छन्। यस समयमा बझाङ र अन्य जिल्लाबाट आएका मानिसले विभिन्न पाटनमा करीब १५ हजार पाल हाल्छन्। हरेक वर्ष बझाङमा यार्सा सङ्कलनका लागि मात्रै ४८ हजारभन्दा बढी मानिस लेकतिर जाने गर्छन्। ग्रामीण भेगमा कोरोनाको उच्च जोखिम भएकै बेला हजारौँ मानिस लेकतिर जाँदा झन् जोखिम हुने देखिन्छ। जङ्गलमा सबै एकै ठाउँ नहुने र सङ्कलन गर्दा अलगअलग जानु पर्ने भएका कारण कोरोनाको जोखिम भने कम हुने सङ्कलक बताउँछन्।

कोरोनाको सङ्क्रमणबाट बच्न गत वर्ष पाटन बन्द गरिए पनि सङ्कलकले लुकिछिपी यार्सा सङ्कलन गरेका थिए। गत वर्ष जिल्ला विपद् व्यवस्थापन समितिले वन बन्द गर्न भनेकाले सङ्कलनमा रोक लगाइए पनि यस वर्ष सङ्कलन रोक्ने नरोक्नेबारे कुनै जानकारी नआएको डिभिजन वन कार्यालय बझाङका कार्यालय प्रमुख कर्णबहादुर खातीले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो जिल्लामा अहिले यार्सा सङ्कलन गर्ने सिजन नै हो। विभागबाट कुनै पत्राचार भएको छैन। सरकारले पनि यसबारेमा कुनै निर्णय गरेको छैन। विभागको निर्देशनअनुसार सङ्कलन कार्यमा रोक लगाइने छ।"

# भारतमा एकै दिन झण्डै चार लाख संक्रमित

**रासस**
**काठमाडौं, १९ बैशाख**

भारतमा कोरानेभाइरसबाट थप झण्डै चार लाख मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार थप तीन लाख ९२ हजार ४८८ जनालाई कोरोनाभाइरसको सङ्क्रमण भएको हो। यसअघि हिजो एकै दिन सबैभन्दा धेरै चार लाखभन्दा बढी सङ्क्रमित भएका थिए। आइतबार सार्वजनिक गरिएको सङ्ख्या अघिल्लो दिनको भन्दा केही कम हो।

भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल एक करोड ९५ लाख ५७ हजार ४५७ जना सङ्क्रमित भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन हजार ६८९ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाको सङ्ख्या दुई लाख १५ हजार ५४२ पुगेको छ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये ३३ लाख ४९ हजार ६४४ अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्। सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा मात्रै तीन लाख सात हजार ८६५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या एक करोड ५९ लाख ९२ हजार २७१ पुगेको अधिकारीहरुले जनाएका छन्। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले अहिलेसम्म २९ करोड एक लाख ४२ हजार ३३९ पटक स्वाब परीक्षण गरेको छ भने पछिल्लो एक दिनमा मात्रै १८ लाख चार हजार ९५४ जनाको कोरोना परीक्षण गरिएको छ।

# अध्ययन बिदामा रहेका स्वास्थ्यकर्मीलाई उपचारमा खट्न निर्देशन

**रासस**
**काठमाडौं, १९ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अध्ययन बिदामा रहेका सबै स्वास्थ्यकर्मीलाई आआफ्नो दरबन्दी भएको स्वास्थ्य संस्थामा गएर काम गर्न निर्देशन दिएको छ।

मन्त्रालयले कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण बढेपछि उपचारको व्यवस्थापन गर्न तिनलाई काम गर्न निर्देशन दिएको हो।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार आइतबार मन्त्रालयमा बसेको बैठकले अध्ययन बिदामा रहेका र हाल अध्ययन नभएका अवस्थामा रहेका सबै स्वास्थ्यकर्मीलाई आआफ्नो दरबन्दीअनुसार स्वास्थ्य संस्थामा गई काम गर्न निर्देशन दिने निर्णय गरेको छ। मन्त्रालयले विभिन्न चिकित्सा विधामा अध्ययरत सबै विद्यार्थीलाई पनि कोभिड-१९ को रोकथाम र नियन्त्रणमा खटाउने निर्णय गरेको छ।

ती विद्यार्थीलाई अध्ययन गराउने सम्बन्धित विश्वविद्यालय तथा कलेजले आवश्यकतानुसार आफ्नै वा अन्य अस्पतालमा खटाउने उनले जानकारी दिए।

# कोशी टप्पुमा अर्ना बढे

**रासस**
**काठमाडौं, १९ बैशाख (रासस)**

सुनसरी, उदयपुर र सप्तरी जिल्लामा फैलिएको अर्नाको राजधानी मानिने कोशी टप्पु वन्यजन्तु आरक्षमा पछिल्लो समयमा अर्नाको सङ्ख्यामा वृद्धि भएको छ। चार वर्षअघिको तुलनामा आरक्षमा १२ दशमलव नौ प्रतिशतले अर्नाको सङ्ख्या बढेको आरक्षण प्रशासनले जनाएको छ।

कोशी टप्पु वन्यजन्तु आरक्षको कार्यालयले वैशाख ६ देखि ११ गतेसम्म अर्ना गणना गरेको थियो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग काठमाडौँका सहायक इकोलोजिष्ट हेमराज आचार्यको नेतृत्वमा गणना गरिएको थियो। गणना प्रतिवेदन अनुसार ५७ वटा अर्ना बढेको पाइएको छ। कोशी टप्पुभित्र अर्नाको कूल सङ्ख्या ४९८ पुगेको छ। विसं २०७४ मा भएको गणनामा आरक्षभित्र ४४१ वटामात्र अर्ना रहेका पाइएको थियो। विसं २०३२ मा स्थापना भएको कोशी टप्पुमा शुरुमा ६३ वटामात्र अर्ना रहेका थिए। त्यसयता क्रमशः अर्नाको सङ्ख्यामा वृद्धि हुँदै गए पनि उचित संरक्षणको भने अभाव हुँदै गएको आरक्षको प्रशासन बताउँछ। प्रतिवेदनमा अर्नाको बासस्थानको सुधार गर्नुपर्ने, अनाधिकृत रूपमा रहेका घरपालुवा भैँसीहरू हटाउनु पर्ने, मानिस र जनावरका बीचमा हुने गरेको द्वन्द्वको अन्त्य गर्ने अवस्था निर्माण गर्न भनिएको छ। अर्नाजस्ता देखिने भैँसीहरूको बाहुल्यताले आरक्षमा रहेका सक्कली अर्नालाई चरनको पनि अभाव हुँदै आएको छ। जसका कारण यी अर्नाहरू नै गाउँ पस्ने गरेका छन्। गाउँ पस्दा मानिससँग द्वन्द्व पनि हुने गरेको छ। यसरी भएको द्वन्द्वमा परेर हालसम्म १० वटा अर्ना मरेको जानकारी आरक्ष प्रशासनले गराएको छ।


रक्तदान जीवनदान
जीवनदान महादान



**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल स्याङजा**
**गण्डकी प्रदेश, नेपाल**

फोन नं. ०६३-४२३२०२

**करार सेवामा स्टाफ नर्स पाचौं पदको दरखास्त आव्हान गरेको सूचना।**

सामाजिक विकास मन्त्रालयको मिति २०७८/०१/१५ गतेको च. न. २०४७ को पत्र तथा यस अस्पतालको मिति २०७८/०१/१७ गतेको निर्णय अनुसार तपसिल बमोजिमको पदमा करार सेवामा लिनुपर्ने भएकोले चिकित्सक तथा स्वास्थ्यकर्मी छनौट सम्बन्धी कार्यविधि २०७६ को चौथो संसोधन दफा २३ (क) बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अस्पतालमा लिखित निवेदन दिनुहुन सर्वसाधरण सबैको जानकारीको लागि यो सूचना आह्वान गरिएको छ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर | परीक्षाको किसिम | मासिक पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| ०१/२०७७-७८ | स्टाफ नर्स | सहायक पाचौँ | २ जना | रू ४००/०० | अन्तर्वार्ता तथा सिप परीक्षण | नेपाल सरकारको नियमानुसार |

दरखास्त दिने मितिः मिति २०७८/०१/२० देखि २०७८/०१/२६ गतेसम्म (७ दिन मात्र)
सम्पर्क मितिः मिति २०७८/०१/२७ गते १० बजे
पेश गर्नुपर्ने कागजातः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट पि.सि.एल नर्सिङ ३ वर्षको कोर्ष उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपी, नर्सिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा म्याद कायम रहेको नर्सिङ लाइसेन्सको प्रतिलिपी।
३ उमेरः पुरुषको हकमा १८ वर्ष पुरा भै ३५ र महिलाको हकमा ४० वर्ष ननाघेको
४. लोक सेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त फारम भरी पेश गर्नु पर्ने।
५. तालिमको प्रमाणपत्र तथा कार्य अनुभव भए सो को प्रमाणपत्र।
६. परीक्षा दस्तुर बुझाउने राजश्व शिर्षक १४२२४ कार्यालय कोड ३५००२४३०२४



**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश संग्रहालय पोखरा**
**गण्डकी प्रदेश, नेपाल**

**लिलाम सम्बन्धी सूचना।**

प्रकाशित मितिः मिति २०७८ /०१/२० गते

यस कार्यालयको परिसरमा रहेको पुरानो टिकटघर भत्काउदा प्राप्त भएका पुराना सालको काठका खापा सहितको चौकोश, झ्याल र फलामे रड जे जस्तो अवस्थामा रहेका छन सोही अवस्थामा न्यूनतम रु. १,१०,८६८।- बाट निम्न स्थान, समय र मितिमा लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ। बोल कबोल गर्ने व्यक्तिले सम्पूर्ण सामान कवोल गर्नुपर्नेछ। विस्तृत जानकारीका लागि कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

तपसिल
स्थानः प्रदेश संग्रहालय पोखरा।
मितिः २०७८/०२/१० गते
समयः दिनको २:०० बजे
लिलाम बढाबढको लागि नाम दर्ताको समय २०७८/०२/०९ गते कार्यालय समय।